# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
### थापाथली परिसरस्थित बैंकर्स क्लव भवनको छतमा Prefab ट्रस निर्माण गर्ने बारेको सिलबन्दी प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७२/०३/२१)

यस बैंकको थपाथली परिसरमा रहेको पार्किङ स्थलको पश्चिम उत्तरतर्फ भवन (ट्रस) निर्माण गर्ने कार्य सिलबन्दी प्रस्तावको माध्यमबाट गराउनु पर्ने भएकोले बैंकको मिति २०७२/०३/०२ को गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम तयार गरेको संक्षिप्त सूचिमा रहेका इच्छुक फर्म/कम्पनीहरुले मात्र देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखी पांचौ दिनको १:०० वजेभित्र बैंकले तयार गरी निःशुल्क रुपमा उपलब्ध गराएको सक्कल प्रस्ताव फारम भरी खामको वाहिर थापाथली परिसरस्थित बैंकर्स क्लव भवनको छतमा Prefab ट्रस निर्माण गर्ने बारेको सिलबन्दी प्रस्ताव भन्ने व्यहोरा उल्लेख गरी यस बैंकको सामान्य सेवा विभाग, मुकाम कार्यालय, थापाथलीमा पेश गर्नु पर्नेछ ।

२. प्राप्त सिलबन्दी प्रस्तावहरु छैटौ दिनको ३:०० वजे (सो दिन विदा परेमा अफिस खुलेको पहिलो दिन) बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटारमा प्रस्तावकहरुको प्रतिनिधीको रोहवरमा खोलिनेछ । प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन ।

३. प्रस्तावदाता फर्म वा कम्पनीको तर्फबाट प्रस्ताव पेश गर्दा कुनै व्यक्तिलाई अख्तियारी दिएको भए सो अख्तियारी पत्र प्रस्ताव साथ संलग्न गर्नु पर्नेछ ।

४. खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी गरेको लिखित स्वःघोषणा पत्र समेत प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

५. प्रस्ताव दर्ता गर्ने अन्तिम दिन र प्रस्ताव खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य कार्यालय खुलेको पहिलो दिन गरिनेछ ।

६. म्याद नाघी वा रित नपुगी दाखिला भएका प्रस्तावहरुलाई कुनै मान्यता दिइने छैन ।

७. प्रस्ताव खोली स्वीकार गर्ने वा नगर्ने वा कुनै पनि समय प्रस्ताव रद्द गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

८. यस सम्बन्धमा कुनै कुरा बुझ्नु परेमा कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस विभागको मुकाम कार्यालय थापाथली (फोन नं ४१०१७०४) मा सम्पर्क गर्न सकिनेछ ।

**सामान्य सेवा विभाग**